# खप्तड छेडेदह गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## डोगडी, बाजुरा
## सुदुरपश्चिम प्रदेश,

खप्तड छेडेदह गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय डोगडी, बाजुरा सुदूरपश्चिम प्रदेश, नेपाल

प.स.०८२/०८३

मिति : २०८२/७/३०

च.न. १८६

विषय : वार्षिक समिक्षा सम्बन्धमा ।

श्री सरोकारवाला सबै
खसड छेडेदह गाउँपालिका डोगडी, बाजुरा ।

उपरोक्त विषयका सम्बन्धमा यस खसड छेडेदह गाउँपालिकाको आ.व.२०८१/०८२ को बजेट कार्यान्वयनको वार्षिक समिक्षा गरि यस कार्यालयको वेबसाइट तथा सूचानापार्टीमा टाँस गरि सार्वजनिक गरिएको व्यहोरा जानकारी गरिन्छ ।

कृष्ण राज जोशी
नि.प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

Email : icto.chhededaha@gmail.com website : www.chhededahamun.gov.np

"कृषि, स्वास्थ्य, शिक्षा र भौतिक पूर्वाधार, वन पर्यटन सुशासन सम्मर्द्ध खसड छेडेदहको आधार"

आ.व २०७४।०७५

बैठक नं - १

आज मिति २०७४।४।५ गतेका दिन यस खप्तड छेडेदह गाउँपालिकाका अध्यक्ष श्री दिल बहादुर रावतज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसि देहाय बमोजिमका निर्णय पारित गरियो।

उपस्थिति

| क्र.सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | श्री दिल बहादुर रावत | गाउँपालिका अध्यक्ष | |
| २) | श्री विष्णु देवी नाथ | " उपाध्यक्ष | |
| ३) | " वीर बहादुर रावत | वडा अध्यक्ष वडा नं १ | |
| ४) | " भक्त बहादुर बूढा | " २ | |
| ५) | " बिर्के बहादुर रावत | " " ३ | |
| ६) | " दल बहादुर धामी | " " ४ | |
| ७) | " जित बहादुर रावत | " " ५ | |
| ८) | " हर्के बिष्ट | " " ६ | |
| ९) | " खगेन्द्र बहादुर रावत | " " ७ | |
| १०) | " भिम बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| ११) | " पूर्ण मिजार | " " | |
| १२) | " धर्मा कु. बूढा | " " | |
| १३) | " महाकला देवी रोकाया | " " | |
| १४) | " पानसरा देवी सुनार | " " | मा.कला |
| १५) | " सिर्जना देवी बि.क | " " | पानसरा |
| १६) | " नन्द बहादुर रावत | नि. प्र. प्र. अ | |

प्रस्तावहरू

(१) स्वीकृत दरबन्दी तथा सेवा समूहका करार कर्मचारी सम्बन्धमा
(२) स्वीकृत सेवा समूहका करार कर्मचारी सम्बन्धमा
(३) स्वीकृत दरबन्दी तथा सेवा समूह बाहेकका करार कर्मचारी सम्बन्धमा
(४) दरबन्दी मिलान तथा करार कर्मचारी सम्बन्धमा
(५) प्रशासकीय भवनको बजेट माग सम्बन्धमा
(६) योजना माग सम्बन्धमा
(७) छेडेदह ताल संरक्षण सम्बन्धमा
(८) धुलकानी बाँकी बजेट सम्बन्धमा
(९) बन्दरतेर सम्बन्धमा
(१०) कृषि सेवा तर्फ कर्मचारी पदपूर्ति सम्बन्धमा
(११) गत आ.व.को आय व्यय अनुमोदन सम्बन्धमा

बहादुर रावत

दिल बहादुर रावत

**निर्णय नं ५ :** यस गाउँपालिकाको प्रशासकीय भवनको स्वीकृत लागत अनुमान तथा डिजाइन ड्इङ्ग बमोजिम २ तला सम्मको भवन निर्माण कार्य पहिलानै सम्पन्न भइसकेको र थप २ तलाको निर्माण कार्य हाल सञ्चालनमा रहेको हुँदा निर्माण व्यवसायीसंगको कुल सम्झौता रकम (४,०५,९२,३७७०६) मध्ये २ करोड रुपिया यस कार्यालयबाट गत आ.व मा नै भुक्तानी भइसकेको र थप रकम भुक्तानीको लागि गाउँपालिकामा बजेट अभाव भएको हुँदा स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास सञ्चालन कार्यविधि २०८० बमोजिम बाँकी रकम निकासाको लागि नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र नेपाल सरकार शहरी विकास मन्त्रालय अन्तर्गत स्थानीय पूर्वाधार विभाग लाई हालसम्मको भवन निर्माण कार्यको प्रगति प्रतिवेदन सहित बजेट माग गर्ने निर्णय गरियो।

**निर्णय नं ६ :** यस गाउँपालिका अन्तर्गत वडा नं ७ मा रहेको दशरथ मा.वि आटीचौरको विद्यालय भवन तथा खेलमैदान निर्माण र वडा नं ३ मा रहेको भवानी मा.वि को फिल्ड निर्माणको लागि यस गाउँपालिकामा बजेट अभाव भई गाउँपालिकाबाट निर्माण कार्य सञ्चालन गर्न नसकिने हुँदा उक्त कार्यको लागि भारतीय राजदुतावासमा बजेट माग गर्ने निर्णय गरियो।

**निर्णय नं ७ :** यस गाउँपालिकामा रहेको छेडेदह ताल पहिरोको कारण निकै जोखिममा रहेको हुँदा ताल संरक्षण कार्यको लागि यस गाउँपालिकाको बजेट तथा स्रोत साधनबाट सम्भव नभएको हुँदा उक्त तालको संरक्षण,संवर्द्धन तथा प्रवर्द्धनको लागि नेपाल सरकार संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,गृह मन्त्रालय,राष्ट्रिय योजना आयोग,राष्ट्रिय विपद जोखिम न्युनीकरण प्राधिकरण,सुदुरपश्चिम प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय तथा विषयगत मन्त्रालयहरु र अन्य सरोकारवाला सबै निकायहरु सँग आवश्यक सहयोग तथा बजेट माग गर्ने निर्णय गरियो।

**निर्णय नं ८ :** यस गाउँपालिकाको चालु आ.व मा भुक्तानीको लागि निवेदन पेश भएका तर विविध कारणवश भुक्तानी हुन नसकेका र भुक्तानी गर्नैपर्ने दायित्व भएका योजना तथा कार्यक्रम र अन्य शिर्षकको बजेट गाउँपालिकाको कार्यालयबाट कच्चावारी बनाई प्रमाणित गरे बमोजिम सम्बन्धित लाभग्राहीहरुलाई आगामी आ.व मा भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं ९ :** यस गाउँपालिका अन्तर्गतका वडा कार्यालयमा तत्काल इन्टरनेट जडान गरि सेवा प्रवाहलाई प्रभावकारी बनाउने र इन्टरनेट जडान तथा आवश्यक समन्वय र व्यवस्थापनको लागि सुचना प्रविधि शाखालाई जिम्मेवारी दिने निर्णय गरियो।

**निर्णय नं १० :** यस गाउँपालिका अन्तर्गतका वडाहरुमा कृषि विकास सम्बन्धी कार्यको प्रभावकारीता अभिवृद्धि तथा कृषिको व्यावसायीकरण र आधुनिकीकरणको लागि तथा गाउँपालिकाको कृषि विकास शाखाबाट सञ्चालन हुने कार्यलाई प्रभावकारी तथा नतिजामुलक बनाउन कृषि शाखामा रिक्त रहेका दरबन्दीमा आवश्यकतानुसार कर्मचारी पदपुर्तिको लागि प्रदेश लोक सेवा आयोगमा माग गर्ने र पदपुर्ति नहुञ्जेल सम्मका लागि गाउँपलिकाको आवश्यकतानुसार करार सेवामा भर्ना गर्नको लागि मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय धनगढी कैलालीमा सहमति माग गर्ने निर्णय गरियो।

**निर्णय नं ११ :** यस गाउँपालिकाको गत आ.व मा सञ्चालित सम्पुर्ण आयोजना तथा कार्यक्रम र वार्षिक बजेट माथि छलफल तथा समीक्षा गर्दै गत आ.व.को देहाय बमोजिमको सम्पुर्ण वार्षिक बजेट तथा कार्यक्रम र आय व्यय विवरण अनुमोदन गर्ने निर्णय गरियो।

नन्द बहादुर रावत
प्रमुख प्रशासकीय अधिकृत

दिल बहादुर रावत
गाउँपालिका अध्यक्ष

